nepalpostdaily.com

नेपाल पोष्ट डेली दैनिक

34°C । वर्ष : ७, अंक : २६ पृष्ठ ४ । शुक्रबार, २७ जेठ २०७९ । FRIDAY , JUNE 10, 2022 । www.nepalpostdaily.com । मुल्य ५ रुपैंया

प्रसौनी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

प्रसौनी, बारा

मधेश प्रदेश, नेपाल

टावरलाईट जडान गर्ने सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०२/२७)

ठे.नं.	ठेक्का शिर्षक	न्यूनतम ठेक्का अंक मु.अ. कर बाहेक	धरौटी रकम	बोल पत्र फारम दस्तुर (पछी फिर्ता नहुने गरी)
PRM/NCB/SQ/WORKS/2078/079-17	गा.पा भरी वार्ड नं. १ देखी ७ सम्म टावरलाईट जडान गर्ने कार्य .	रु. २१,५५,१७२/४१	रु. ७५,०००/००	रु. १,०००/००

१. यस प्रसौनी गाउँपालिका अन्तर्गत पर्ने बिभिन्न वडाहरुमा टावरलाईट जडान गर्ने कार्य दरभाऊपत्रबाट गराउनु पर्ने भएकोले इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुको लागी दरभाऊपत्र आव्हान गरिएको छ |

२. इच्छुक निर्माण व्यवसायीहरुले मिति २०७९/०३/१० गते सम्ममा प्रसौनी गाउँपालिकाको कार्यालयबाट कार्यालय समय भित्र दरभाऊपत्र दस्तुर वापत रु.१००० (रु.एक हजार मात्र,पछि फिर्ता नहुने गरी) तिरी दरभाऊपत्र फाराम खरिद गरीसक्नु पर्नेछ|

३. इच्छुक निर्माण व्यवसायीहरुले दरभाऊपत्र फाराम वापतको नगदी रसिद साथ नवीकरण भएको निर्माण व्यवसाय इजाजत पत्र,आ.व.२०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाणपत्रको प्रतिलिपि संलगन राखी निवेदन दिई दरभाऊपत्र खरिद गर्न सक्नेछन |

४. शिलबन्दी दरभाऊपत्र मिति २०७९/०३/१२ दिनको १२:०० बजे सम्म प्रसौनी गाउँ कार्यपालिकाको कार्यालय,प्रसौनी,बारामा दर्ता गराई सकनु पर्नेछ |

५. रीतपुर्वक समय भित्र प्राप्त दरभाऊपत्र,मिति २०७९/०३/१२ , गते दिनको १४:०० बजे दरभाऊपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ | दरभाऊपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाऊपत्र खोल्न बाधा पर्नेछैन | दरभाऊपत्र जमानत वापत को रकम यस कार्यालयको हिमालयन बैंक लि ,प्रसौनी मा रहेको धरौटी खाता नं. ०५३०७६८२९४००१३ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारि भएको कम्तिमा ९० दिन (Validity Period Of The Bid (i.e. 120 Days) म्याद भएको बैंक जमानत सक्कलै पेश गर्नु पर्ने छ |

Name Of The Bank :- Himalayan Bank Ltd,Prasauni,Bara.

Name Of Office :-Office Of The Rural Municipal Executive Prasauni,Bara.

Office Account Name:-ग.३ धरौटी खाता प्रसौनी

Office Account No :-05307682940013

६. दरभाऊपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा बिदा लगतै कार्यालय खुलेको पहिलो दिनको सोहि समय भित्र दरभाऊपत्र खरिद गर्ने वा दर्ता गर्नु पर्नेछ |

७. सम्पूर्ण कागजात नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्नेछ |

८. दरभाऊपत्र दाताले दरभाऊपत्र भर्दा प्रत्येक आइटम को दरभाउ अंक र अक्षरमा सपस्ट गरी लेखु पर्नेछ |अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ | केरमेट भएको ठाउंमा सहि गरी छाप लगाएको हुनु पर्नेछ |

९. दरभाऊपत्र पूर्ण रुपमा वा आंशिक रुपमा स्वीकृत गर्ने ,नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित हुनेछ|

१०.यसमा उल्लेखित नभएका अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ |

प्रमुख प्रशासकीय अधिकृत

गणेश पुस्तक भण्डारको ठगी धन्दा एमआरपी बिनाको पुस्तकहरु बिक्रि, प्रशासन बेखबर

बीरगन्ज, २६ जेठ । बीरगन्जको गणेश पुस्तक भण्डारले करोडौंको गठी गरेको छ । बीरगन्जका चर्चित पुस्तक वितरक गणेश पुस्तक भण्डारले पब्लिकेशन एवं निजि स्कुलका प्रधानाध्यपकहरुसँगको मिलोमतोमा करोडौंको गठी गरेको खुलासा भएको छ । यो ठगी प्रकरणमा बीरगन्ज महानगरपालिका शिक्षा महाशाखाका अधिकारीहरुको समेत मिलोमतो रहेको स्रोतको दावी छ ।

नुना पब्लिसर एण्ड डिस्ट्रिव्युटर प्रा.लि. काठमाडौंद्वारा प्रकाशित पुस्तकको बीरगन्जका लागि अधिकृत बिक्रेता रहेका भण्डारले बीरगन्जका लागि मगाएको सो प्रकाशनको पुस्तकहरुमा बिक्रि मुल्य समेत उल्लेख गरिएको छैन् । वितरकले आफु खुशी आफ्नो भण्डारको नामको अलगबाट झोलामा एक सेटको पुस्तकको मुल्य छापेर अभिभावकहरुसँग मनपरी मुल्य असुली गरि रहेको छ ।

नुना प्रकाशनको पुस्तक स्कुलमा लगाई दिनको लागि भण्डारले बिधार्थी संस्थाको अधारमा एउटा स्कुलका प्रिन्सिपलका ५ लाख देखि १० लाख सम्म कमिसन दिएको नाम नछापर्ने सर्तमा एक जना पुस्तक व्यवासायीले बताएका छन् । यो धन्दा भण्डारले बिगत लामो समय देखि गर्दै आएको भएपनि शैक्षिक सत्र २०७८/०७९ को लागि बिक्रि वितरण गरेको पुस्तकमा अभिभावकहरुसँग साविक भन्दा बढी मुल्य असुली कालो धन कमाएको छ । अभिभावक ठगी प्रकरणमा जिल्ला स्थित अनुगम समितिका पदाधिकारीहरुले चुपी साधेको अभिभावकहरुको भनाई छ ।

यसरी मनपरी चर्को मुल्य ठोकी वितरकहरुले करौडोको गठी गरी रहदा नियमन निकाएको मौनतालाई अभिभावकहरुले अर्थपूर्ण रुपमा हेरेका छन् । सरकारले तीन बर्षमा एक पटक पुस्तक परिवर्तन गर्न भनेको भएपनि पब्लिकेशनहरुले त्यसको धज्जी उठाउदै आएको छ । पुस्तकमा थाह नपाउने गरी समान्य परिवर्तन गरी नुना प्रकाशनले हरेक बर्ष पुस्तक परिपर्तन गर्दै आएको स्रोतको दावी छ । गणेश पुस्तक भण्डारले कतिपय स्कुलहरुलाई बिधार्थी संख्याको अधारमा हरेक कक्षाको किताब सेट झोलामा प्याक गरी पठाएका छन् । यसरी पठाइएको पुस्तकहरु स्कुलबाटै बिक्रि वितरण हुने गरेको छ । समान्यता बाहिरको पसलमा खरिद गर्दा स्टेशनरी पसलेहरुले एउटा कितावमा १० देखि १५ प्रतिशत सम्म छुट दिने गरेका छन् । तर स्कुलमा खरिद गर्दा एक पैसाको छुट लिन मुश्किल रहेको अभिभावकहरुको भनाई छ । नुना पब्लिसरको पुस्तक बिद्यासंदन मावि मुर्ली.,होलीएन्जल स्कुल मुर्ली,माउण्ट हरमण प्रसौनी विर्ता,चिल्ड्रेन वर्ल्ड मावि.श्रीपुर लगायतको स्कुलहरुलाई लगाइएको छ । पुस्तक अभिभावकले कहीबाट खरिद गरेपनि स्कुलको बिधार्थी संख्याको अधारमा प्रिन्सिपललाई कमिसन अफिसमै पुग्ने गरेको छ । यस बिषयमा बीरगन्ज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णसँग बुझ्दा मुल्य बिना किताव बिक्रि वितरण गर्न नपाइने व्यावस्था रहेको बताए ।

उनले यस्ता पसलहरुको अनुगम गरी दोषी देखिए किताव जपद देखि लिएर प्रकाशन रोक्का सम्मको कारवाही हुन सक्ने बताए । उनले यस्तागतिबिधि वारे हामीले पनि सुनेको बताउदै उनले छिटै यस बिषयमा अनुगम भन्ने भन्दै झरा टारेका छन् । अभिभावकहरु धम्मा किताव किन्दै छ किताबको मुल्य कति हो थाह छैन् । यस बिषयमा पर्साका प्रमुख जिल्ला अधिकारी उमेश कुमार ढकालले मुल्य सुची

बाँकी अन्तिम पृष्ठमा⇨

मोटरसाईकल हराएको सूचना

उपरोक्त सम्बन्धमा मिति २०७९/०२/१० गते दिउँसो १३:०० बजेको समयमा जिल्ला पर्सा बीरगन्ज म.न.पा.वडा नं. १३ आफ्नै घर अगाडी पार्क गरी राखेको अवस्था **black & silver 220 cc pulsar** प्रदेश नं २-०३-०२२ प २८८२ नम्बरको ई.नं. **DKXCMH29325,** चे.नं. **MD2A13XXMCH95052** भएको मोटरसाईकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा जिल्ला पर्सा बीरगन्ज म.न.पा.वडा नं.१३ बस्ने नन्दकिशोर प्रसाद साह तेलीको मोवाईल नं. ९८०२९०४७९३ मा सम्पर्क गरी सहयोग गरी दिनहुन हार्दिक अनुरोध छ ।

नेपाल पोष्ट डेलीका लागि

प्रकाशक	:- नेपाल पोष्ट मिडिया प्रा.लि.
कार्यकारी सम्पादक	:- मनोज पटेल
सम्पादक	:- राजेश दास / अशोक संग्रौला
उप- सम्पादक	:- संतोष साह
सहसम्पादक	:- विवेक कर्ण
सम्पर्क कार्यालय	:- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक	:- न्यु भवानी अफसेट प्रेस,वीरगन्ज,१२

Email: nepalpostdaily@gmail.com
Facebook: www.facebook.com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

सम्पादकीय

सधैं उपेक्षामा कृषि

यस वर्ष पनि किसानले समयमा मल पाउन सकेनन् । कृषि मन्त्रालयले किसानलाई आवश्यक युरिया र डीएपी मल खरीदको ठेक्काका निम्ति अन्तर्राष्ट्रिय टेण्डर आह्वान गरेको थियो । तर ठेकेदारले समयमा मल नल्याएपछि किसानले मल नपाएका हुन् । चालु आर्थिक वर्षको मुख्य बालीका लागि १ लाख ५ हजार मेट्रिक टन यूरिया र डीएपी मल ल्याउने सरकारको तयारी थियो । तर मल आउन नसकेपछि धान बाली लगाउने मुख्य समयमा किसान छटपटिनु परेको छ । मल ल्याउन नसकेपछि संसदमा सांसदहरुले सरकारको ध्यानाकर्षण गराइरहेका छन् । सांसदहरुले असार मसान्तभित्र ल्याउने भनिएको मल पनि आउने सम्भावना नरहेको आशंका गरेका छन् ।

उनीहरुको भनाइ छ- असार मसान्तमा १ लाख ९२ हजार मेट्रिक टन मल आवश्यक छ । तर असार मसान्तभित्र ल्याउने भनिएको मल आउने सम्भावना छैन । छिमेकी चीन र भारतमा भन्दा नेपालमा कम मल प्रयोग हुने गरेपनि किसानले मल नपाएको सांसद एवम् नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताए । उनले चीनमा प्रति हेक्छर ३९४ र भारतमा प्रति हेक्टर १२५ केजी मल प्रयोग भएपनि नेपालमा भने ८७ केजी प्रयोग भइरहेको तथ्य प्रस्तुत गरेका छन् । तर किसानले मल पाउने सम्भावना यसपटक पनि नदेखिएको उनले तर्क गरे । अन्य सांसदहरुले पनि मल पाउन नसकेका किसानका समस्या संसदमा राखिरहेका छन् । तर यो सार्वजनिक खपतका निम्ति मात्रै हुने पक्का छ ।

आफ्नो देशलाई कृषि प्रधान भनेर परिचय दिने सरकारले किसानलाई मल समयमा नदिने गरेको यसपटक पहिलो चोटी होइन । सधैं मल आउन नसकेको भन्दै सरकार पञ्छिने गरेको छ । तर दीर्घकालीन समाधान र समयमै आवश्यक ध्यान भने दिने गरेको पाइदैन । नेपालमै मल कारखाना स्थापना गरेर योजना बनान थालेको पनि धेरै वर्ष भइसक्यो । नारा र प्रतिबद्धताकै कुरा गर्दा कृषिको आधुनिकरण र व्यावसायीकरण भन्दा तलका कुरा सरकारी अधिकारीले गर्दैनन् । तर कृषि क्षेत्रलाई विनियोजन बजेटले नै सरकारको प्राथमिकता कति रहेँछ भन्ने पुष्टि हुन्छ । आगामी आर्थिक वर्ष ०७९/०८० लागि १७ खर्ब ९३ अर्ब ८३ करोड बजेट प्रस्तुत गर्दा सरकारले कृषि क्षेत्रलाई २ प्रतिशत (३८ अर्ब ४९ करोड) मात्रै विनियोजन भएको छ । यसले सरकारको प्राथमिकतामा कृषि क्षेत्र नरहेको तर्कलाई नै बल पुग्छ । यो क्षेत्रमा हुने भ्रष्टाचार र कमिसनको रोग अझ डरलाग्दो छ ।

सत्ता गठबन्धन, निर्वाचन र एमाले

बद्रिनरसिंह के.सी.

स्थानीय तह निर्वाचन परिणाम र मत संरचनाले जनादेशका साथै धेरैवटा सन्देश दिएको छ । मुख्यतः पार्टी र नेताहरूलाई आफ्ना आचरण र व्यवहार सच्याउन चेतावनी दिएको अर्थमा बुझ्नु उपयुक्त हुन्छ । निर्वाचन परिणामलाई सहजरूपमा पचाउन नसकेका अभिव्यक्ति पनि जिम्मेवार नेताहरूबाट प्रकट भए 'आफ्नो पार्टीका पदाधिकारीहरू' को अभिमुखीकरण कार्यक्रमको मञ्चबाट । प्रचण्ड अस्थिर गतिविधि, सत्ता र शक्तिको अनियन्त्रित आकांक्षा, विगतका गतिविधिको अपराधबोधबाट त्रसित र माओवादी पार्टीको अनिश्चित भविष्यबाट ग्रसित र त्रसित व्यक्ति हुन् । उम्मेदवारको हैसियतमा गर्नुपर्ने अभिमुखीकरण कार्यक्रम जनताका साझा भइसकेका निर्वाचित जनप्रतिनिधिहरूलाई पार्टीविशेषको अभिमुखीकरण किन? माओवादी केन्द्रको त्यो कार्यक्रम नै अलोकतान्त्रिक, असंवैधानिक तथा औचित्यहीन देखिन्छ ।

त्यसमाथि सोही अभिमुखीकरणको सिलसिलामा माओवादी अध्यक्ष प्रचण्डले एमालेलाई ठेगान लगाइयो, अहंकार नछोडे कांग्रेसलाई पनि ठेगान लगाउछौँ भनेर कस्तो ठेगान लगाउन खोजेका हुन्? एक दशक (२०५२-६२) सम्म माओवादीले कांग्रेस लगायतका पार्टी र तिनका कार्यकर्तालाई 'ठेगान' को नाममा 'सफाया' वा कुटपिट, अंगभङ्ग, बिस्थापित गरेकै हुन् । अब के गर्न बाँकी छ? शिकार गर्न तम्सेको सिकारी आफैँ सिकार भएका घटना अनकौँ छन् । अरूले रामराम भन्नुपर्ने कुरा यो छ । ताजा स्थानीय निर्वाचनले प्रमुख विपक्षी दल एमालेलाई 'राइट साइजिङ' (उचित आकार) मा राखिदियो । यसमा धेरै कारण छैनन् । एमालेको गृहकलह जनतामा उदासीनता र निरासाको मुख्य जड हो र त्यो कलहको मूल स्रष्टा, सर्वेसर्वा नेता भएका खड्गप्रसाद ओली हुन् । 'निर्वाचन परिणामको नैतिक दायित्व नेतृत्वको हैसियतले अध्यक्ष (ओली)ले लिनुपर्छ.....' भनी टिभीमा अन्तरवार्ता दिने एमालेकै नेता घनश्याम भुसाल अनुशासनको कारबाहीमा पर्नलागेको प्रकरणबाटै प्रष्ट होला, त्यस पार्टीलाई निरंकुशताले कतिसम्म ग्रसित बनाएको रहेछ ।

निर्वाचन परिणामको नैतिक दायित्व र जिम्मेवारी सर्वोच्च कार्यकारी नेताले नलिने, 'लिनुपर्छ' भन्ने कार्यकर्ताको आवाजमाथि 'अनुशासन' को डण्डा चलाउने धृष्टताले प्रष्ट पार्छ, सत्ता र शक्तिले अन्धो बनाएको नेता विवेकहीन हुनथाल्छ । यसबाट एमाले अध्यक्ष ओली आफ्नै गैरजिम्मेवारी, अहंकार र दम्भको व्यवहारको कारण पार्टी विभाजित भएको र निर्वाचनले एमालेलाई पहिलो स्थानबाट दोस्रो स्थानमा झारेको वास्तविकतालाई आत्मसात गर्न नचाहनु नेपाली राजनीतिको महाविडम्बना हो ।

जनभावनाको कदर नगर्ने, बरू जनचाहनालाई हेपाहा व्यवहार देखाउँदै उम्मेदवार चयनमा गरिएको आफूखुसी निर्णयको परिणाम जनताले देखाइदिए र त्यस्ता 'नेताप्रेमी' उम्मेदवारलाई हराइदिएर । परिणामस्वरूप २०७४ को स्थानीय निर्वाचनमा एमालेले जितेका २९२ वटा पालिकामध्ये उसले ५९ प्रतिशत (२०२) पालिका गुमायो, ९२ पालिकामात्र जोगायो । कांग्रेसले २०७४ मा २६६ पालिका जितेको यसपटकको निर्वाचनमा ४८ प्रतिशत (१२७) पालिका गुमायो, १३९ मा दोहोऱ्याएर वर्चश्व कायम गऱ्यो । माओवादीले २०७४ मा जितेका १०६ पालिकामध्ये ४५ प्रतिशत (४८) पालिका यसपटकको निर्वाचनमा गुमायो । केवल ५८ पालिकामा वर्चश्व कायम गऱ्यो । यो वास्तविकतालाई न एमाले अध्यक्ष ओलीले, न त कांग्रेस सभापति तथा प्रधानमन्त्री देउवाले स्वीकार गरे । एमाले अध्यक्ष ओली पार्टीभित्र अन्तरघात भएकोले चुनाव हार्नुपऱ्यो भन्दै दोष अन्य एमाले नेताहरूमाथि थोपरेर आफू पानीमाथिको ओभानो हुने कसरतमा छन् ।

प्रधानमन्त्री तथा कांग्रेस सभापति देउवा पनि पार्टीभित्रैका अन्तरघातीहरूले गर्दा आशातीत सफलता नपाएको भन्दै आफ्ना दोष छोप्ने हर्कत गरिरहेका छन् । उम्मेदवारी चयनमा नेताहरूले हस्तक्षेपका दाह्रा-नङ्ग गाडेको प्रसंगमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले ठीकै भने-उम्मेदवारी चयनमा जनतालाई हेपेर मनपरि निर्णय गरेकाले जनताले पार्टीका उम्मेदवारको टाउकामा लौरोले हाने... । जनताले यो निर्वाचनबाट आफ्नो सर्वोत्तम हित र चाहना प्रकट गरेका छन् । पार्टीहरूले उपेक्षा र तिरस्कार गरेका पक्ष वा समुदायलाई स्वतन्त्र उम्मेदवारलाई निर्वाचन जिताएर देखाइदिएका छन् । नेपालगन्जमा स्वर्गवासी राजा वीरेन्द्रको सालिक राख्न प्रहरीले दमन गर्न खोज्दा जुन वातावरण देखियो, त्यसबाट पार्टीहरूको उपेक्षामा परेको राजसंस्थाका पक्षधरहरूको जनसमर्थनको व्यापकता र दृढता पुष्टि हुन्छ । पार्टीहरूभित्रको अन्तहीन कचिङ्गल सैद्धान्तिक होइन, जुँगाको लडाइँ हो र सामन्ती चरित्रको विशेषता हो । जसरी हुन्छ आफूमात्र बलियो बनूँ, मेरो एकछत्र राज चलोस्, नियम, नैतिकता र अनुशासन मलाई नलागोस् भन्ने प्रवृत्ति सामन्ती रूप हो । ठूला पार्टीहरूमा यो प्रवृत्ति गणतन्त्रको एक भाइ भइसकेको छ । ओलीको दम्भ, अहंकार र ज्यादती एमाले विभाजनका लागि जति दोषी छ, त्यस्तै दोष पार्टीका अन्य नेताहरूको नभएको होइन । पार्टी फुटाउन सूत्रधारको भूमिका खेल्ने, माधव नेपाल र झलनाथ खनाललाई उक्साउने, नवस्थापित पार्टी नेकपा एकीकृत समाजवादी पार्टीको विधान र अन्य दस्तावेज तयार गर्ने तर आफूहरू भने लुसुक्क एमालेतिरै फर्किएका १० जना नेताहरूको भूमिका, साख र विश्वसनीयता पनि ध्वस्त भयो । एमाले फुटाउने समान दोषी १० भाइ पनि हुन् ।

यसरी एमाले हालैको निर्वाचनमा आफ्नै कारणले खिइएको हो । अघिल्लो चुनावमा सबभन्दा ठूलो पार्टीको हैसियत पाएको जनसमर्थनलाई सधैंका लागि मनपरी गर्ने लाइसेन्स ठान्यो र जथाभावी गर्न थाल्यो । जनता कसैका प्रति पूर्वाग्रही छैनन् र कसैको कब्जा वा बन्धनमा पनि छैनन् । तिनै जनताले यसपालि फरक मत देखाए । मुलुकका दुई जिम्मेवार राजनीतिक दललाई मुलुकका यावत् जिम्मेवारी र अभिभारा पूरा गर्न मतादेश दिएका हुन् । यो मतादेश पाँच वर्षका लागि हो र पाँचवर्ष भनेको भोलि विहान हो भन्ने चेत कांग्रेस र एमालेले लिन सकेनन् भने यिनीहरूको व्यवहार वा आचरणलाई दण्ड दिने लौराहरू अब देखापर्न थालेको अर्थमा बुझ्नु सही बाटोमा हिँड्न सुधारिएको मनस्थितिको द्योतक हो । मुलुक र जनताप्रति जिम्मेवार नेता वर्तमान समाज, भावी पुस्ता र इतिहासप्रति डर राखेर सावधानीका साथ जवाफदेही हुनेगर्छ र त्यस्तो नेता राजनेता हुन्छ । त्यस्तो नेताप्रति समकालीन सञ्चारमाध्यम कठोर वा आलोचक भए पनि इतिहास र भावीपुस्ता अनुगृहित र प्रशंसक हुनेगर्छ । तर वर्तमान समाज, भावी पुस्ता र इतिहास कसैप्रति पनि डर वा उत्तरदायित्व नराखी जथाभावी गर्ने नेता र अपराधीका बीच कुनै सिमाना वा फरक देखिन छाड्छ । नेतृत्वको संकट, चरित्रको संकट र विश्वासको संकट, यिनै त्रिदोषमा मुलुक फस्छ । एमालेभित्र त्यही भयो, त्यही दोष र रोग

बाँकी तेश्रो पृष्ठमा⇨

सत्ताबाट पनि लोपोन्मुख

रघुनाथ लामिछाने

सरकारी तथ्याङ्कअनुसार नेपालमा १२५ जातजाति छन् । जसमध्ये १० वटालाई लोपोन्मुख मानिएको छ । सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार कुसुन्डा, राउटे, हायु, किसान, मेचे, वनकरिया, सुरेल, राजी, लोप्चा र कुसबाडिया लोपोन्मुख जातिमा पर्छन् । कुसबाडिया भन्नाले पत्थरकट्टा, सिलकट, कुसबधिया र कुचबधियासमेतलाई जनाउँछ । राष्ट्रिय जनगणना २०६८ अनुसार लोपोन्मुख जातिको जनसङ्ख्या २१,२८४ (सुरेल र वनकरियाको बाहेक) छ । जुन कुल जनसङ्ख्याको ०.१ प्रतिशत हुन आउँछ ।

समानुपातिक प्रतिनिधित्वको सवाल

नेपालको संविधानको प्रस्तावनामै 'समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' उल्लेख छ । निर्वाचन आयोगले निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ कार्यान्वयनमा ल्याएको छ । जसमा आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिकरूपले पछाडि परेका विभिन्न लक्षित वर्गहरू दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रका नागरिक, आर्थिकरूपले विपन्न खस/आर्य आदिलाई राज्यका निकायमा सहभागी हुन पाउने हकलाई निर्वाचनको माध्यमबाट कार्यान्वयनमा लैजाने उद्देश्य उल्लेख छ ।

त्यसैगरी प्रतिनिधि सभा निर्वाचनसम्बन्धी ऐन २०७४, स्थानीय तह निर्वाचन ऐन २०७३, प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ आदिले पनि सम्बन्धित निर्वाचनमा कुनै न कुनै हिसाबले अल्पसङ्ख्यक तथा समावेशिताको विषय समेटेका छन् । समानुपातिक र समावेशीमा पनि दलित, अल्पसङ्ख्यक तथा महिला सहभागितालाई बढी नै जोड दिइएको पाइन्छ ।

को हुन लोपोन्मुख?

नेपाली बृहत् शब्दकोश भन्छ-समानुपातिक भनेको समानुपातको विचार वा आधारले हुने, बराबरीको परिमाण वा मात्रामा आउने । यो भनेको राज्यका कुनै पनि निकायमा सम्बन्धित समुदायको जनसङ्ख्याका आधारमा पक्षपातरहित प्रतिनिधित्व गराउनु हो । तर तथ्याङ्कहरूले अन्य निकायमा त परै जाओस्, भर्खरै सम्पन्न स्थानीय तह सदस्य निर्वाचनमा पनि लोपोन्मुख जातिको प्रतिनिधित्वमा ठूलो अन्याय गरिएको पुष्टि गर्छन् ।

कुसुन्डा जाति सामान्यतया दैलेख र सुर्खेतमा बस्छन् । यिनीहरूको जनसङ्ख्या २७३ छ । जसमा महिला १५० जना छन् । हायु जाति सिन्धुली र रामेछाप आसपास बसोबास गर्छन् । उनीहरूको जनसङ्ख्या २,९२५ छ । जसमा महिला १,५२४ जना छन् । किसान झापामा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो । १७३९ जनसङ्ख्या भएको यो समुदायमा महिला ९०८ जना छन् । झापाकै मेचीनगर नपाभित्र बस्ने मेचे समुदायको जनसङ्ख्या ४,८६७ छ । जसमा महिलाको सङ्ख्या २६०२ छ । लोप्चा इलाममा बसोबास गर्ने अर्को लोपोन्मुख समुदाय हो । ३,४४५ जनसङ्ख्या भएको यो समुदायमा १६९६ जना महिला छन् । अर्को लोपोन्मुख समुदाय राजी कैलालीको टीकापुर नगरपालिका, भजनी नगरपालिका र आसपास क्षेत्रमा भेटिन्छन् । ४२३५ जनसङ्ख्या रहेको यो समुदायमा महिलाको सङ्ख्या २,१९१ छ । त्यसैगरी नेपालगन्ज उपमहानगरपालिका क्षेत्र आसपास बस्ने कुसबाडियाको सङ्ख्या ३,१८२ छ । जसमा महिलाको सङ्ख्या १५९५ छ । राउटे फिरन्ते समुदाय हो । जसको जनसङ्ख्या ६१८ छ भने यसमा महिलाको सङ्ख्या २९८ छ । दोलखाको गौरीशङ्कर नपा-५ स्थित सुरी क्षेत्रमा बस्ने सुरेलको जनसङ्ख्या एकीन छैन । धेरैजसो सुरेलले सुनुवार लेखिँदिदा यो जातिको एकिन सङ्ख्या पत्ता लगाउन कठिनाइ परेको हो । मकवानपुरको हाँडीखोला क्षेत्र वनकरियाको बसोबासस्थल हो । यो समुदायको पनि एकिन तथ्याङ्क छैन् ।

विगतको तस्बिर

गत चुनावमा कुसुन्डा जातिका धनबहादुर कुसुन्डा घोराही उमनपाको कार्यपालिका सदस्यमा एमालेबाट मनोनीत भएका थिए । त्यसैगरी वीरबहादुर लोप्चा इलामको सूर्योदय नगर कार्यपालिकामा एमालेबाट मनोनीत भएका थिए । उनलाई नगर कार्यपालिकाले प्रवक्ताको जिम्मेवारी समेत दिएको थियो । हायु जातिकी जमुना हायु रामेछाप नपामा कार्यपालिका सदस्य मनोनीत भएकी थिइन् । त्यसैगरी सिन्धुलीको गोलबन्जार गापाको कार्यपालिका सदस्यमा इन्द्रमाया हायु चुनिएकी थिइन् भने सुनकोसी गापा-२ मा अस्मिता हायु चुनिएकी थिइन् । किसान जातिको स्थानीय निर्वाचनमा उम्मेदवारी नै परेन । त्यसैले जीत/हारको कुरै भएन । गत चुनावमा मेचे जातिबाट नेपाली कङ्ग्रेस र एमालेबाट १-१ जना वडाध्यक्ष भएका थिए ।

एकजना कार्यपालिका सदस्य पनि भएका थिए । एकजना वडा सदस्यमा मनोनीत भएका थिए । सिकार गर्ने र माग्ने पेसामा लागेकाले कुसबाडियाको भने स्थायी बसोबास छैन । त्यसैले उनीहरूको निर्वाचनहरूमा कुनै पनि प्रतिनिधित्व देखिँदैन । २०७४ को निर्वाचनमा सुरेलजातिकी सरस्वती सुरेल एमालेबाट सदस्य बनेकी थिइन् । कैलालीको भजनी नगरपालिकामा भुन्टे राजी र टीकापुर नगरपालिकामा डम्बर राजीलाई माओवादीबाट कार्यपालिका सदस्यमा मनोनीत गरिएको थियो । अर्कोतर्फ नागरिकता नभएका कारण

बाँकी तेश्रो पृष्ठमा⇨

अन्तर्राष्ट्रिय समाचार

युक्रेन युद्ध : विश्वव्यापी खाद्य सङ्कटको जोखिम बढ्दो

काठमाडौं, २६ जेठ ।

रूस-युक्रेन युद्धका कारण विश्वव्यापी खाद्य सङ्कटको जोखिम बढेको छ । युद्धले रूसी र युक्रेनी समाज तहसनहस मात्र भएको छैन ९४ देशका एक अर्ब ६० करोड मानिसले खाद्य सङ्कट झेल्नुपर्ने चेतावनी संयुक्त राष्ट्रसङ्घले दिएको छ ।

लम्बिँदो युद्धले कुनै न कुनै रूपमा ती देश वित्त, खाद्य, वा ऊर्जा सङ्कट सामना गर्न बाध्य भएका ग्लोबल क्राइसिस रेस्पोन्स ग्रुप बुधबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ । युद्धले तीनवटै क्षेत्रलाई जोखिममा पारेको छ ।

राष्ट्र सङ्घीय प्रतिवेदनले खाद्यान्नको निरन्तर बढ्दो भाउ र इन्धनको मूल्यलाई स्थिर राख्न, सामाजिक सुरक्षा प्रणाली लागू गर्न र विकासोन्मुख देशलाई आर्थिक सहयोग बढाउन आह्वान गरेको छ । आगामी वर्ष खाद्यान्न सङ्कट रोक्न र त्यसमा पहुँच र उपलब्धता बढाउन ठोस काम गर्नुपर्नेमा जोड दिइएको छ ।

"यदि युद्ध जारी रह्यो, अनाज र मलको उच्च मूल्य आगामी खेती याममा पनि निरन्तर रह्यो भने मकै, गहुँ र सागसब्जीलगायत खाद्यान्न उपलब्धता घट्ने तथा थपिने ऊर्जा सङ्कटले अर्बौं नराम्ररी प्रभावित हुने छन्,"प्रतिवेदनमा भनिएको छ ।

महासचिव एन्टोनियो गुटरेसले युक्रेन युद्धको प्रभावले जीवनयापनको गम्भीर सङ्कट सिर्जना गरेको र त्यसबाट कुनै पनि देश वा समुदाय उम्कन नसक्ने बताएका छन् ।

खाद्य सुरक्षा, ऊर्जा र वित्तपोषणमा द्वन्द्वको प्रभाव घटाउन महासचिवले आफ्ना नागरिकहरूको जीवन र जीविकोपार्जन जोगाउन प्रभावकारी कदम चाल्नुपर्नेमा जोड दिएका छन् ।

चिनियाँ राष्ट्रपति सी तेस्रोपटक पुनः सत्तामा पुग्ने तयारीमा

काठमाडौं, २६ जेठ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङ तेस्रोपटक पुनः सत्तामा पुग्ने तयारीमा रहेका रहेका छन् । सन् २०१८ मा चीनको नेशनल पिपुल्स कङ्गेसले राष्ट्रपतिको दुई कार्यकालको सीमा हटाउने प्रस्ताव अनुमोदन गरेपछि सीलाई अब आजीवन प्रभावकारी रूपमा सत्तामा रहन सक्ने बाटो खुलेको ज्योपोलिटिकल इन्फो डटले जनाएको छ । विश्व महाशक्ति राष्ट्र बन्ने चीनको लक्ष्य भएको तर सर्वोच्च नेता सीले कीर्तिमानी तेस्रो कार्यकालको सत्ता सुनिश्चित गर्ने मौका खोजिरहेका छन् । यसैवर्ष हुने चिनियाँ कम्युनिष्ट पार्टीको २०औं राष्ट्रिय महाधिवेशनको मिति घोषणा गरिएको छैन तर मिति घोषणा भएसँगै सीको पुनः सत्तारुढ हुने चाहना अभिव्यक्त हुने अपेक्षा गरिएको छ ।

पाकिस्तानका सांसद तथा चर्चित टिभी होस्ट आमिर लियाकतको ४९ वर्षमा निधन, तीन विवाहका कारण चर्चामा थिए

काठमाडौं, २६ जेठ ।

पाकिस्तानका चर्चित टिभी स्टार तथा कराँचीबाट पीटीआई नेशनल एसेम्बलीका सदस्य डा.' अमिर लियाकत हुसैनको कराँचीमा निधन भएको छ । पाकिस्तानी सञ्चारमाध्यमका अनुसार स्वास्थ्यमा समस्या देखिएपछि उनलाई अस्पताल लगिएको थियो तर चिकित्सकका अनुसार अस्पताल ल्याउँदा उनको मृत्यु भइसकेको थियो ।

उनको मृत्युको यकिन कारण भने खुल्न नसकेको प्रहरीले जनाएको छ । उनको पोस्टमार्टम हुनेछ । आमिर लियाकतको निधनका कारण राष्ट्रिय सभाको बैठक शुक्रबार साँझ ५ बजेसम्मका लागि स्थगित गरिएको छ । हालै आमिर लियाकत तेस्रो विवाहलाई लिएर विवादमा फसेपछि उनले देश छोड्ने घोषणा गरेका थिए । धार्मिक टिभि कार्यक्रम 'आलम अनलाइन' बाट चर्चामा आएका डा। अमिर लियाकत हुसेन सन् २०१८ मा पीटीआईको टिकटमा चुनाव जितेर सांसद बनेका थिए ।

सत्ता गठबन्धन.....

कांग्रेसलगायतका अन्य सबैजसो पार्टीमा व्याप्त छ ।

तर स्थानीय निर्वाचन परिणामले दिएको चेतावनी र नैतिक दबाबलाई लत्याएकाले मुख्य पार्टीका शीर्ष नेताहरूले आफ्नो पुरानै ढर्रा र मनपरि सच्याउने लक्षण देखाएका छैनन् ।

प्रधानमन्त्री देउवा त विदेशीका अगाडि सामान्य शिष्टाचार र संस्कार पनि देखाउन नसकेर वातावरणलाई नै लाजमर्दो बनाइदिन्छन् भन्ने उदाहरण गत जेठ ३ गते लुम्बिनीको कार्यक्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका अगाडि उनले गरेका अशोभनीय हाउभाउ र व्यवहारले पुष्टि गरिसक्यो । सोही बेवास्ताको रूप हो हिजोआज फेरि सुन्न थालिएको 'वाम एकता' को राग ।

असफल भएर आर्यघाटमा पुगिसकेको 'वाम एकता' बौरिएर त के आउला र? तर पनि प्रस्तावचाहिँ बौरिनथालेको छ । फेरि पनि बाम एकता भएमा जनताले त्यस्तो एकतालाई खास महत्व दिन्छन् भन्ने आधार छैन । आफ्नै शुभलाभको निम्ति नेता व्यवस्थापनको खाँचो र निहित स्वार्थबाट निर्देशित भएर वाम एकताको कुरा आएको त होइन? यो लथालिङ्ग अवस्था हेरेर खुच्चिङ बजाउनु जिम्मेवारी र दायित्वको द्योतक मानिन्न । हराएको जनविश्वासबीच खोजिएको 'सहमति' नेपाली राजनीतिको कठोर विशेषता हो ।

विगतको कसीमा समीक्षा गर्दा पार्टीहरू असफल र नाराहरू निष्ठाविहीन रटान सावित भइसके । थेग्नै नसक्ने परिवर्तन देशलाई अभिशाप र व्यर्थको कुरा हुनपुग्यो भने विदेशी तत्वलाई यहाँ आफ्ना पञ्जा मजबुत बनाएर राख्ने मौकाको रूपमा भयो ।

चाहिएको थियो इमानदारीले सुसज्जित बृहत् राष्ट्रिय सहमति र मेलमिलापको वातावरण दिने विधि-विधान । तर अहोरात्र चलिरह्यो सत्ताकलह र शत्रुता । यस्तो प्रवृत्तिको जसरी पनि अन्त्य गर्नुपर्छ, देशभित्रैबाट गर्न सकिन्छ । साभार नागरिक

सत्ताबाट पनि.....

राउटेजाति भने न उम्मेदवार बन्न पाउँछन् न त मत हाल्नै ।

निर्दयी परिणाम

स्थानीय तह सदस्य निर्वाचन २०७९ को परिणाम केलाउँदा लोपोन्मुख समुदायबाट एकदम कमको मात्र सहभागिता हुन सकेको देखिन्छ । जसअनुसार उदयपुरको कटारी नगरपालिका-११ बाट नेकपा एमालेका तर्फबाट अनन्त हायु वडाध्यक्षमा निर्वाचित भएका छन् । त्यसैगरी रामेछाप नगरपालिका-७ बाट नेपाली कङ्गेसबाट रामबहादुर हायु, सिन्धुलीको कमलामाई नगरपालिका-३ बाट खेमबहादुर राई हायु र गोलन्जोर गाउँपालिका-३ बाट लक्ष्मी हायु वडा सदस्यमा निर्वाचित भएकी छिन् । दोलखाको गौरीशङ्कर गाउँपालिका-५ मा एमालेबाट महिला सदस्यमा पशुपति सुनुवार (सुरेल) निर्वाचित भएकी छिन् । इलामको रोङ गाउँपालिका-४ को वडाध्यक्षमा एमालेबाट राजकुमार लोप्चा निर्वाचित भए । यसैगरी इलामकै सूर्योदय नगरपालिका-५ बाट सदस्यमा एमालेबाट आकाश लोप्चा विजयी भए । वडा नं. ४ को वडाध्यक्षमा कङ्गेसबाट उठेका उमेश लोप्चा भने दोस्रोसम्म हुन सफल भएका थिए । झापाको मेचीनगर नपा-१२ बाट विशुलाल मेचे सदस्यमा चुनिन सके । यही नपामा विभिन्न दलबाट सदस्यका उम्मेदवार बनेका मेचे जातिका रोनलाल, राजकुमार, बाबुराम, शोभा, कुमार, लीला, पवनलाल र टीकारामले पनि जीत हात पार्न सकेनन् । उता मकवानपुरको मनहरि गाउँपालिका-४ मा माओवादीबाट महिला सदस्यमा उठेकी सन्तमाया वनकरियाले पनि दोस्रोमै चित्त बुझाउन बाध्य हुनुपर्‍यो । सूर्योदय नगरपालिकामै उम्मेदवार भएका तीर्थकुमारी लोप्चा र बुद्धिमाया लोप्चाले पनि हारमै चित्त बुझाउनुपर्‍यो । नेपालगन्ज उपमहानगरपालिका-६ मा लोसपाबाट सदस्यमा उठेका खुदवा कुचबडियाले पनि जित्न सकेनन् । यसरी हेर्दा उसै त आफ्नै थातथलोबाट लोप हुने क्रममा पुगेको जातिलाई सत्ताबाट पनि कसरी जबर्जस्ती लोप गराइँदैछ भन्ने पुष्टि हुन्छ ।

किन हुन सकेन प्रतिनिधित्व?

जसको विकासको प्रतिफलसम्म पहुँच पुगिरहेको छ, राज्य र यसले बनाउने नियम/कानुन तिनीहरूका लागि खासै सरोकार राख्दैनन् । त्यसैले राज्यले विभिन्न नियम बनाएर हेर्नुपर्ने भनेको स्रोत/साधनको पहुँच नपुगेका वर्ग/समुदायलाई हो । त्यसैले संविधानको प्रस्तावनादेखि नै सुरु गरेर अन्य विभिन्न धारा/उपधारा हुँदै दर्जनौं ऐन/नियमावाली/नीति आदिमा पटक-पटक अल्पसङ्ख्यको अधिकारबारे बोल्नुपर्ने बाध्यताले नै पुष्टि गर्छ कि यो समुदाय मुलुकको भान्साघरदेखि निकै टाढा छ । यही कारण अल्पसङ्ख्यक र अझ त्यसमा पनिलोपोन्मुख समुदाय लेखपढ र चेतनाका हिसावले अग्रणी अवस्थामा हुने कुरै भएन । त्यसैलेन उनीहरूमा चुनावमा सहभागी हुनुपर्ने चेतना देखिएको छ न त राजनीतिक दलहरूले उनीहरूलाई मुलुकको शासन सञ्चालन तथा विकास/निर्माणको मूलप्रवाहीकरणमा समावेशगराउन आवश्यक ठानेका छन् । जबकि उनीहरूलाई हरेक निकायमा समावेश गराउन अग्रसर हुनु दलहरूको दायित्व नै हुन आउँछ । धेरै कारण उल्लेख गर्नै पर्दैन, यही एउटा कारण नै काफी छ कि अल्पसङ्ख्यकहरू संवैधानिक अधिकार उपयोग गर्नबाट वञ्चित छन् र शासकीय पदहरूमा पुग्नबाट पनि वञ्चित छन्, अपवादबाहेक ।

झनै दयनीय लैङ्गिक सवाल

यसरी भर्खर सम्पन्न स्थानीय तह सदस्य निर्वाचन २०७९ को परिणाम केलाउँदा लोपोन्मुख समुदायको शासकीय पदहरूमा देखिएको उपस्थिति वास्तवमै लाजमर्दो छ । यस्तो अवस्थामा सीमित सङ्ख्यामा (र त्यो पनि सबै भन्दा तल्ला तहमा) जितेका केही व्यक्तिभित्र पनि लैङ्गिक समानता खोज्नु त झनै पीडादायी अवस्था हुने देखिन्छ । जस्तो-लोपोन्मुख समुदायबाट निर्वाचित हुनेमा पनि महिला नै पछि छन् । जस्तो-४ जना हायु निर्वाचित भएकामा महिला १ जनामात्र छन् । त्यसैगरी माथि उल्लिखित तालिकामा विजयी १० जनामध्ये महिला २ जनामात्र छन् । साभार नागरिक

यौन जीवनमा मानसिक रोगको प्रभाव

तआत्मीयताले व्यक्तिबीचको एक घनिष्ठ सम्बन्धतर्फ अंकित गर्दछ । सोहि आत्मीय सम्बन्ध हुनेसँग नै व्यक्तिहरु आफ्ना यौन भावना एक-आपसमा साट्न रुचाउँछन् ।

यस अर्थमा भन्ने हो भने यौन पार्टनर तथा एक जोडीबीच भावनात्मक सम्बन्ध कायम रहेको हुन्छ । यौनले व्यक्तिबीचको आत्मीय सम्बन्धमा रौनक ल्याउने काम गर्दछ । तर, यौनबाट सन्तुष्ट प्राप्त गर्न सक्ने अनुभव भने सामान्यतयाः स्वस्थ शरीर र दिमागमा निर्भर रहन्छ भन्ने विभिन्न अध्ययनहरुले यसअघि नै पुष्टि गरिसकेको छ ।

यसर्थ व्यक्तिको मानसिक पक्षले पनि उसको यौन जीवनमा असर पार्दछ । मानसिक स्वास्थ्य र आत्मीयताको विन्दु मानिने यौनबीच धेरै सम्बन्धहरु रहने र तिनले आवश्यक परेको खण्डमा सोचेभन्दा धेरै सकरात्मक एवम् नकरात्मक दुवै प्रकारका प्रभाव पार्न सक्ने विज्ञहरु बताउँछन् । यस्तै, विभिन्न अध्ययनहरुले देखाए अनुसार धेरै मानसिक रोगहरुले स्वस्थ यौन जीवनमा बाधा पुऱ्याउछ । जस्तोः मानसिक समस्यामध्ये डिप्रेशन अधिकांश व्यक्तिमा देखिने एक साझा समस्या हो ।

यसले व्यक्तिमा मानसिक विकार निम्त्याई खुसी रहन सक्ने क्षमतालाई कम गर्दछ । जसले प्रत्यक्ष रुपमा व्यक्तिको यौन जीवनमा असर पार्दछ । यस्तै, डिप्रेशनका बिरामीले प्रयोग गर्ने औषधिले व्यक्तिको यौनप्रतिको रुचिलाई घटाउँन मद्दत गर्दछ । यहाँसम्म कि यसले व्यक्तिमा यौन विकारको रुपमा यौन उत्तेजनालाई समेत गडबढ गर्दछ । यसबाहेक चिन्ता तथा खान मन नलाग्नेजस्ता अन्य मानसिक समस्याले पनि यौन जीवनलाई असर पार्दछ । यस्ता समस्याले व्यक्तिमा सामान्यताः आत्मविश्वासमा कमी ल्याउने, थकान तथा चिडचिडाहट ल्याउनेजस्ता समस्या निम्त्याउने अध्ययनहरुले जनाएको छ ।

यसैगरी मानसिक समस्याबाट शिकार भएका व्यक्तिमा हत्तपत्त यौनप्रति रुचि नहुने भएपनि यौनक्रिडामा जबरजस्ती गर्न रुचाउने, आफ्ना पार्टनरको इच्छाको कदर नगर्ने र अधिकांश समय एक्लै हस्तमैथुन गर्न रुचाउँने प्रवृत्तिका हुन्छन् । र, यस्ता लक्षणले व्यक्तिको यौनजीवनमा असर पुऱ्याउँदै दुई पार्टनर वा जोडीबीचको सम्बन्धलाई समेत असर पार्ने हुँदा यस्ता समस्याको हल चाँडो भन्दा चाँडो निराकारण गर्नुपर्नेमा विज्ञहरु जोड दिएका छन् ।

बरदान बचत तथा ऋण सहकारी संस्था लि.

Bardan Saving & Credit Co-Operative Ltd.

Bariyarpur, Bara

ऋण तिर्न आउने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति - २०७९ जेष्ठ २८ गते

१.क्रणीको नाम : सफरु अंसारी
बुवाको नाम : हबबि अंसारी
बाजेको नाम : इनर मियाँ अंसारी
साविक ठेगाना : गंजभवानीपुर -०७
हालको ठेगाना : महागढीमाई -१०
नागरिकता नम्बर : १८८२/२०९०

२. क्रणीको नाम :मोलाजिम मियाँ दर्जी
बुवाको नाम :इसामहमद दर्जी
बाजेको नाम : जितन मियाँ
साविक ठेगाना : करुनिया -५
हालको ठेगाना : महागढीमाई-८ बेतौना
नागरिकता नम्बर :४७७२

३. क्रणीको नाम : सुरेन्द्र प्रसाद कानु
बुवाको नाम : बैजनाथ प्रसाद कानु
बाजेको नाम : नारायण साह कानु
साविक ठेगाना : गंजभवानीपुर
हालको ठेगाना : महागढीमाई-१०
नागरिकता नम्बर :२१४२/१९३१/८७५१

४. क्रणीको नाम :महन्थ प्रसाद
बुवाको नाम : जगरनाथ साह तेली
बाजेको नाम : रामबरन साह तेली
साविक ठेगाना : गंजभवानीपुर-७
हालको ठेगाना : महागढीमाई -१०
नागरिकता नम्बर : २०७९/२९०३

५. क्रणीको नाम : भागरिथ प्र. बनियाँ
बुवाको नाम : प्रयाग साह
बाजेको नाम : बेचु साह
साविक ठेगाना : बजनी-७
हालको ठेगाना : करैयामाई गा.पा.
नागरिकता नम्बर : ५१०/१४६५/१४१५

६. क्रणीको नाम : मकसुद खाँ
बुवाको नाम : अलि हुसेन खाँ पैठान
बाजेको नाम : साफा खाँ
साविक ठेगाना : पशुरामपुर-७
हालको ठेगाना : सूवर्ण गापा-८
नागरिकता नम्बर : ३६६/१०२६

७. क्रणीको नाम : अवधकिशोर साह बनिया
बुवाको नाम : गोरख राउत
बाजेको नाम : सोहन राउत अहिर
साविक ठेगाना : मझरिया-८ धर्मपुर
हालको ठेगाना : महागढीमाई-८
नागरिकता नम्बर : ३३३०२८/१९२६

८. क्रणीको नाम : बैजु गिर अथित
बुबाको नाम : रामशरन गिर
बाजेको नाम : दिप गिर
साविक ठेगाना : बबुआईन-४
हालको ठेगाना : महागढीमाई -८ धर्मपुर
नागरिक नम्बर : १४८६/८५७/१४४२

९ क्रणीको नाम : शिव कुमारी देवी
पतिको नाम : रामविश्वास साह सोनार
बाजेको नाम : राघो साह सोनार
साविक ठेगाना : मधुरीजब्दी-६
हालको ठेगाना : महागढीमाई -११
नागरिकता नम्बर : ३३१०५०/५०१७८

१०. क्रणीको नाम : विनोद प्रसाद वैर
बुबाको नाम : इनरमन राउत वैर
बाजेको नाम : बवन राउत वैर
साविक ठेगाना : बबुआईनण३
हालको ठेगाना : महागढीमाई -६
नागरिकता नम्बर : १४७३/०४०२

११. क्रणीको नाम : राजकुमार प्रसाद कुशवाहा
बुबाको नाम : मिश्रीलाल महतो
बाजेको नाम : सिता महतो
साविक ठेगाना : पतरहटी-२ मैनी
हालको ठेगाना : महागढीमाई-२
नागरिकता नम्बर : १०५९/१६३१

१२. क्रणीको नाम : कान्ती देवी कुशवाहा
पतिको नाम : विजय कुमार कुशवाहा
ससुराको नाम : वीरबहादुर महतो कोइरी
साविक ठेगाना : तेलकुवा-२
हालको ठेगाना : महागढीमाई-०७
नागरिकता नम्बर : १३६१/१९१४

१३. क्रणीको नाम : नवलकिशोर श्रेष्ठ
बुबाको नाम : श्यामसुन्दर श्रेष्ठ
बाजेको नाम : आनन्दी श्रेष्ठ
साविक ठेगाना : बरियारपुर-६
हालको ठेगाना : महागढीमाई-२
नागरिकता नम्बर : ३३३०४५/४५६

१४. क्रणीको नाम : श्यामवावु प्रसाद वरै
बुबाको नाम : प्रेमनारायण प्र. वरै
बाजेको नाम : धेनुष प्र.वरै
साविक ठेगाना : बबुआईन-८
हालको ठेगाना : महागढीमाई-६
नागरिकता नम्बर : १५७९/११७७

१५. क्रणीको नाम : रामवावु प्रसाद वरै
बुबाको नाम : प्रेमनारायण प्र. वरै
बाजेको नाम : धेनुष प्र.वरै
साविक ठेगाना : बबुआईन-८
हालको ठेगाना : महागढीमाई-६
नागरिकता नम्बर : १९३९

१६.
क्रणीको नाम : विजय प्र. यादव
बुवाको नाम : चन्देव राउत
बाजेको नाम : जगरनाथ राउत अहिर
साविक ठेगाना : मझरिया-४
हालको ठेगाना : सूवर्ण गापा-६
नागरिकता नम्बर : ३३३०६८/२३८

१७. क्रणीको नाम : मनोज प्र.महतो
बुवाको नाम : लालजी महतो नुनिया
बाजेको नाम : लक्ष्मण महतो नुनिया
साविक ठेगाना : पिप्राविर्ता-८ कंचनपुर
हालको ठेगाना : महागढीमाई-९
नागरिकतानम्बर:१४४७/२०२६/२५४१६

१८. क्रणीको नाम : महमुद अंसारी
बुवाको नाम : हबिब मिया अंसारी
बाजेको नाम : इनर मिया अंसारी
साविक ठेगाना : गंजभवानीपुर-७
हालको ठेगाना : महागढीमाई-१०
नागरिकता नम्बर : १२८१/४५२१२०८९

१९. क्रणीको नाम : दुर्गा प्रसाद कानु
बुवाको नाम : सरयुग साह कानु
बाजेको नाम : जोधन साह कानु
साविक नाम : बरियारपुर-१
हालको नाम : महागढीमाई-१
नागरिकता नम्बर : ३२५/०३२५

२०. क्रणीको नाम : किशोर प्र.यादव
बुवाको नाम : जयराम अहिर
बाजेको नाम : ठाकुर राउत अहिर
साविक नाम : बरियारपुर-६
हालको ठेगाना : महागढीमाई-१
नागरिकता नम्बर : ३३३०४५/६१९

२१. क्रणीको नाम : पप्पु प्रसाद यादव
बुवाको नाम : अनुठा प्रसाद यादव
बाजेको नाम : धनराज राउत अहिर
साविक ठेगाना : मझरिया-८ धर्मपुर
हालको ठेगाना : महागढीमाई-८
नागरिकता नम्बर : १५००/१६३६

२२. क्रणीको नाम : धुपेन्द्र तिवारी
बुवाको नाम : शिवदत तिवारी
बाजेको नाम : शरिनारायण तिवारी
साविक ठेगाना : तेलकुवा-७ इनर्वा
हालको ठेगाना : महागढीमाई-७
नागरिकता नम्बर : ४०६४८

२३. क्रणीको नाम : समसुल आलम
बुवाको नाम : जैनुल हक मिया धोवी
बाजेको नाम : फर्माल मिया
साविक ठेगाना : पथरा-४
हालको ठेगाना : बारागढी-४
नागरिकता नम्बर : ३३३०१४/४२९५

२४. क्रणीको नाम : रहमद मिया अंसारी
बुवाको नाम : किफायत मिया अंसारी
बाजेको नाम : बून्धु मिया अंसारी
साविक ठेगाना : इनर्वामाल-४
हालको ठेगाना : आर्दश कोतवाल-३ हरनईया
क्रण लिएको मिती : २०७५।०४।०१
क्रण समाप्ती मिती : २०७६।०४।०१
बाँकी रु : ६४,७०६।-

२५. क्रणीको नाम : महिन्दर राउत कुर्मी
बुवाको नाम : पुनित राउत कुर्मी
बाजेको नाम : साधो राउत कुर्मी
साविक ठेगाना : इनर्वामाल-४
हालको ठेगाना : आर्दश कोतवाल-३ भटिनिया
क्रण लिएको मिती : ०७७।०५।२१
क्रण समाप्ती मिती : ०७८।०५।२०
बाँकी रु : ८६,६१२ ।-

२६. क्रणीको नाम : ओपीन्दर राउत कुर्मी
बुवाको नाम : रामअश्रे राउत कुर्मी
बाजेको नाम : रघुनन्द राउत कुर्मी
साविक ठेगाना : पटेर्वा-०४
हालको ठेगाना : आर्दश कोतवाल-०६ पटेर्वा
क्रण लिएको मिती : २०७५।०४।०१
क्रण समाप्ती मिती : २०७६।०४।०१
बाँकी रु : ४०,१९० ।-

२७. क्रणीको नाम : हरेन्द्र साह
बुवाको नाम : छठु साह कलवार
बाजेको नाम : खुबलाल साह
साविक ठेगाना : पटेर्वा-०२
हालको ठेगाना : आर्दश कोतवाल-०६ पटेर्वा
क्रण लिएको मिती : २०७६।१०।१५
क्रण समाप्ती मिती : २०७७।१०। १४
बाँकी रु : १,०९,७५० ।-

२८. क्रणीको नाम : सहिद मंसुरी
बुवाको नाम : खुर्सेद आलम
बाजेको नाम : साहेब मिया अंसारी
साविक ठेगाना : इनर्वामाल-०४
हालको ठेगाना : आर्दश कोतवाल-०४ हरनईया
क्रण लिएको मिती : २०७५।०४।०१
क्रण समाप्ती मिती : २०७६।०४।०१
बाँकी रु : ४०,७४६ ।-

२९. क्रणीको नाम : आसमगीर अंसारी
बुवाको नाम : हैदर अलि अंसारी
बाजेको नाम : ऐनुलहक अंसारी
साविक ठेगाना : लक्ष्मीपुर कोतवाली-०५
हालको ठेगाना : आर्दश कोतवाल-०७ कोतवाली
क्रण लिएको मिती : २०७४।११।१५
क्रण समाप्ती मिती : २०७५।११।१४
बाँकी रु : ३२,२०० ।-

३०. क्रणीको नाम : श्यामविनय दास तात्मा
बुवाको नाम : धनपत दास तात्मा
बाजेको नाम : लखन दास तात्मा
साविक ठेगाना : पशुराम-०९
हालको ठेगाना : महागढीमाई-०८ भिस्वा
क्रण लिएको मिती : २०७५।०६।११
क्रण समाप्ती मिती : २०७६।०६।१०
बाँकी रु : ३४,५७५ ।-

३१. क्रणीको नाम : मन्जित कुमार कुशवाहा
बुवाको नाम : राजेन्द्र प्रसाद कुश्वाहा
बाजेको नाम : खेलावन महतो
साविक ठेगाना : पटेर्वा-०९
हालको ठेगाना : आर्दश कोतवाल-०६ पटेर्वा
क्रण लिएको मिती : २०७५।१२।०५
क्रण समाप्ती मिती : २०७६।१२।०४
बाँकी रु :५२,१०० ।-

३२. क्रणीको नाम : रामवावु प्रसाद पटेल
बुवाको नाम : रामचन्द्र राउत कुर्मी
बाजेको नाम : छठु राउत कुर्मी
साविक ठेगाना : अमृतगंज-२
हालको ठेगाना : सिम्रौनगढ-२ नयकाटोल
क्रण लिएको मिती : २०७५।०८।१८
क्रण समाप्ती मिती : २०७६।०८।१७
बाँकी रु : ३५,३५० ।-

३३. क्रणीको नाम :अजय कुमार दास
बुवाको नाम : सिताराम दास
बाजेको नाम : रामबहादुर दास
साविक ठेगाना : अमृतगंज-२
हालको ठेगाना : सिम्रौनगढ-२ अमृतगंज
क्रण लिएको मिती : २०७५।१२।१९
क्रण समाप्ती मिती : २०७६।१२।१८
बाँकी रु : ४५,३३० ।-

दुई करोडको अवैध सामान बरामद

बीरगन्ज, २६ जेठ ।

पर्साका विभिन्न स्थानबाट प्रहरीले करिब रु दुई करोड बराबरको औषधि, लत्ताकपडालगायत सामग्री बरामद गरेको छ । प्रहरीले उक्त सामग्री बोकेको तीन ट्रक नियन्त्रणमा लिएको छ ।

ट्रक नियन्त्रणमा लिएर चालकलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले बताए । बीरगन्ज महानगरपालिका-१० घण्टाघरबाट विभिन्न सामग्री बोकेको बा५ख ८६५८ र लुरख ५३४९ नम्बरको ट्रक तथा वीरगञ्ज-८ माईस्थानबाट विभिन्न किसिमका औषधि, लत्ताकपडालगायत सामग्री बोकेको ना४ख ४३०१ नम्बरको ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

पचरौता नगरपालिकामा जसपाको प्यानल विजयी

बीरगन्ज, २६ जेठ ।

पचरौता नगरपालिकाको कार्यपालिकाको कार्यपालिका सद्स्य पदको लागि बुधबार भएको निर्वाचनमा जसपा नेपालको पुरै प्यानल निर्वाचित भएको छ । पचरौताको कार्यपालिकाको महिला सद्स्यहरुमा दायाँ देबी यादव, जिना खातुन, ईन्दुकुमारी श्रीबास्तव, सतिया देबी तत्मिन, रिता देबीले २४/ २४ मत प्राप्त गरि निर्वाचित भएका हुन । त्यसैगरी नेकपा एमाले र लोसपा गठबन्धनका उम्मेदवारहरु फुलवा कुमारी, महापतिया देबी दुसादिन, प्रमसिला देबी चनौ तथा सिन्दु देबी र चमेली देबीले २३/ २३ मत प्राप्त गरेका थिए । दलित तथा अल्पसंख्यकमा पनि जसपा नेपालका मजिद मसुरी, पुनित राम हरिजन, अजयप्रसाद बरैले २४/ २४ मत प्राप्त गरि निर्वाचित भएका छन । त्यसैगरी एमालेका देबिलाल बैठा धोबी, प्रभुदयाल शार्म, लोसपाकी पुनम देबी गुप्ताले २३/२३ मत प्राप्त गरेका थिए । पचरौता नगरपालिकामा बैशाख ३० गते सम्पन्न भएको निर्वाचनमा वडा न २ र ७ को चार वटा मतदान केन्द्रमा बिवाद भएपछि निर्वाचन कार्यालयले जेठ ४ गते मतदान गराएको थियो । नगरपालिकामा नगर प्रमुखमा एमालेका जलान्धर सिंह निर्वाचित भएपछि जसपा नेपालबाट निर्वाचित वडा अध्यक्ष, वडा सद्स्यहरु तोकिएको समयमा सपथ नलिइ भ्रमणको बहानामा नगर बाहिर गएका थिए ।

गणेश पुस्तक भण्डारको...

त अनिर्वाय राख्नु पर्ने हो कहि कतै मुल्य सुची बिना वितरण भएछ भने त्यता व्यवसायीहरुलाई कारवाही गर्ने बताए । अनुगमनको मुख्य दायित्व लिएका वाणिज्य,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग बीरगन्जका पदाधिकारीहरु भन्ने यस बिषयमा बेखबर छन् ।